(३५५)

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

### मु.नं. १९३/२०७०/०७१

खलंगा ७, जाजरकोट वस्ने जय प्रकाश थापा ........................................................१ उजुरीकर्ता
ऐ.ऐ. वस्ने प्रेम बहादुर पुन ........................................................................................१

**विरूद्ध**

अध्यक्ष, लहरे खोला जलविद्युत आयोजना, खलंगा ७ डिङ्गा, जाजरकोट ..................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

खलंगा ७, जाजरकोट वस्ने जय प्रकाश थापा र प्रेम बहादुर पुनले लहरे खोला जलविद्युत आयोजना, खलंगा ७ डिङ्गा, जाजरकोट समक्ष सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।११।१९ मा पुनरावेदन गरेको । पुनरावेदकले माग गरेको सूचना सम्बन्धमा खुलाई पठाइदिने विषयक पत्रका लागि मिति २०७१।०२।०५, च.नं. ९५९, पु.च.नं.३७८ को पत्रबाट सम्बन्धित निकायलाई पत्राचार गरेकोमा उक्त कार्यालयले हालसम्म कुनै जानकारी उपलब्ध नगराएको तथा लामो समयसम्म पुनरावेदकले सूचना पाइन भनी उजुरी गर्न आएको देखिँदैन । सूचना नपाएको भनी निवेदकले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।